अनुसुची -३ः महिलाहरुका लागि निःशुल्क लोकसेवा तयारी कक्षा सञ्चालनका लागि आवेदन फाराम

मितिः..........................................

श्री प्रमुखज्यू ,
सामाजिक विकास कार्यालय, बागलुङ ।

**विषयः- तयारी कक्षामा सहभागी हुन पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा ....................................जिल्ला.................................न.पा./गा.पा. वडा नं................ निवासी बर्ष ............. कि म ..................................................................लाई तहाँ कार्यालयबाट मिति २०८१/ / मा प्रकाशित सूचना बमोजिम लोकसेवा तयारी कक्षामा सहभागी हुन इच्छुक भएकोले उक्त तालिममा सहभागी गराईदिनु हुन अनुरोध गर्दछु । साथै विस्तृत विवरण निम्नानुसार रहेको व्यहोरा समेत अनुरोध गर्दछु ।

विस्तृत विवरणः

१.नाम,थरः ..........................................................

२.स्थायी ठेगानाः ..................................................

३.हालको बसोवासको ठेगानाः ........................................................

४.जात/जातीः .........................................

५.जन्म मिति (नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्ने)ः

.......................................................

६.शैक्षिक योग्यता विवरण (शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी संलग्न गर्ने)ः

- उत्तीर्ण गरेको तहः .......................................................
- उत्तीर्ण गरको सालः ......................................................
- प्राप्ताङ्क प्रतिशतमाः ......................................................
- अध्ययन गरेको संस्थाको नामः ......................................................................

७. यस अगाडी तयारी कक्षामा सहभागी भए/नभएकोः ............................................

८. लोकसेवाको कुनै पनि परिक्षामा सहभागी भएको छ/छैनः ...................................

निवेदकः

नाम,थरः ........................................
हस्ताक्षरः ............................................
सम्पर्क नं. ..............................................

सामाजिक विकास कार्यालय बागलुङको लागि चालु आ.व.०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार **महिलाहरुका लागि निःशुल्क लोकसेवा तयारी कक्षा सञ्चालन**सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने/गराउने सिलसिलामाआज मिति २०८१/०१/२१ गते दिनको ३.०० बजे सामाजिक विकास कार्यालय बागलुङका नि.कार्यालय प्रमुख श्री कृष्णहरि आचार्यको संयोजकत्त्वमा सामाजिक विकास कार्यालय बागलुङमा बसेको तयारी कक्षा सञ्चालन/व्यवस्थापन समितिको बैठकमा भएको उपस्थिति र निर्णय देहाय बमोजिम रहेकोछ ।

उपस्थितिः-

(क) संयोजक- श्री कृष्णहरि आचार्य, नि.प्रमुख, सामाजिक विकास कार्यालय,बागलुङ ।

(ख) सदस्य-श्रीखिम बहादुर वि.क.,शाखा अधिकृत, जिल्ला प्रशासन कार्यालय,बागलुङ ।

(ग) सदस्य- श्रीउदय शर्मा, लेखा अधिकृत, सामाजिक विकास कार्यालय,बागलुङ ।

(घ) सदस्य- श्री दुर्गा प्रसाद शर्मा,नायव सुव्वा, जिल्ला समन्वय समितिको कार्यालय,बागलुङ ।

(ङ) सदस्य सचिव- श्री मिलन सापकोटा,सव इञ्जिनीयर, सामाजिक विकास कार्यालय,बागलुङ ।

**निर्णय नं. १**ः-आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिलाहरुलाई विभिन्न प्रतियोगितात्मक परिक्षाहरुमा सक्रिय रुपमा सहभागी गराउँदै सरकारी सेवा प्रवेशमा जागरुक गराई सकारात्मक भावना अभिबृद्धि गराउने उद्देश्यले यस सामाजिक विकास कार्यालय बागलुङको लागि चालु आ. व. ०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार लोकसेवा आयोगको अप्राविधिक तर्फको राजपत्र अनंकित द्वितीय श्रेणी/ सहायकस्तर चौंथो तहको पाठ्यक्रममा आधारित महिलाहरुका लागिनिःशुल्क लोकसेवा तयारी कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न/गराउन सरोकारवाला इच्छुक महिलाहरुले जानाकारी प्राप्त गर्ने गरी आजैका मितिमा अर्थात २०८१/०१/२१ गते नै कार्यालयबाट अनुसुची २० बमोजिमको ढाँचामा आवेदन माग गरी संकलन गर्न १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्ने र उक्त सूचना यस बागलुङ जिल्लाबाट प्रकाशित हुने राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्ने साथै एफ.एम.रेडियोबाट समेत प्रचार प्रसारको व्ययवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. २**ः-महिलाहरुका लागि निःशुल्क लोकसेवा तयारी कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम सञ्चालनका लागि जम्मा ४० जना मात्र सहभागीहरु समावेश गराउन सकिने भएकोले सो भन्दा बढी संख्यामा आवेदन परेमा अन्तर्वार्ताको माध्यमबाट उत्कृष्ट सहभागी छनौट गरी तयारी कक्षा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**ः-प्रतियोगितात्मक तयारी कक्षा सञ्चालन गर्दा लोकसेवा आयोगबाट निर्धारित निश्चित योग्यता पुगेका गण्डकी प्रदेश भित्रका महिलाहरु विशेषतः आदीवासी जनजाती, दलित, अपाङ्गता भएका व्यक्ति, मधेसी र यस भन्दा पहिला यस्तो अवसर नपाएका महिलाहरुलाई प्राथमिकतामा राखी समावेशी सहभागी गराईने निर्णय गरियो ।

**निर्णय नं. ४**ः-विषयबस्तु अनुसारका प्रशिक्षकको व्यवस्था गर्न जिल्ला स्थित विभिन्न सरकारी कार्यालयहरुसंग समन्वय गर्ने, प्रशिक्षण स्थान निर्धारण गर्ने, प्रशिक्षण सामाग्री व्यवस्थापन गर्ने, प्रशिक्षण समय निर्धारण गर्ने र अन्य आवश्यक सरसल्लाहका लागि समितिका सवै पदाधिकारीहरु विच नियमित सम्पर्कमा रही यस सम्बन्धी पूर्व अनुभवलाई समेत मध्येनजर गरी तयारी कक्षा सञ्चालन सम्बन्धी कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यकतानुसार थप बैठकहरु बसी कार्यक्रम सम्पन्न गर्न अग्रशर रहने निर्णय गरियो ।

सामाजिक विकास कार्यालय बागलुङको लागि चालु आ. व. ०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार **महिलाहरुका लागि निःशुल्क लोकसेवा तयारी कक्षा सञ्चालन**सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने/गराउने सिलसिलामा आज मिति २०८१/०२/१६ गते अपरान्हको ५.०० बजे सामाजिक विकास कार्यालय बागलुङका नि.कार्यालय प्रमुख श्री कृष्णहरि आचार्यको संयोजकत्त्वमा सामाजिक विकास कार्यालय बागलुङमा बसेको तयारी कक्षा सञ्चालन/व्यवस्थापन समितिको बैठकमा भएको उपस्थिति र निर्णय देहाय बमोजिम रहेकोछ ।

उपस्थितिः-

- संयोजक- श्री कृष्णहरि आचार्य, नि. प्रमुख, सामाजिक विकास कार्यालय, बागलुङ ।
- सदस्य-श्री खिम बहादुर वि.क., शाखा अधिकृत, जिल्ला प्रशासन कार्यालय, बागलुङ ।
- सदस्य- श्री उदय शर्मा, लेखा अधिकृत, सामाजिक विकास कार्यालय, बागलुङ ।
- सदस्य- श्री दुर्गा प्रसाद शर्मा, नायव सुव्वा, जिल्ला समन्वय समितिको कार्यालय, बागलुङ ।
- सदस्य सचिव- श्री मिलन सापकोटा, सव इञ्जिनीयर, सामाजिक विकास कार्यालय, बागलुङ ।

**निर्णय नं. १:-** आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिलाहरुलाई विभिन्न प्रतियोगितात्मक परिक्षाहरुमा सक्रिय रुपमा सहभागी गराउँदै सरकारी सेवा प्रवेशमा जागरुक गराई सकारात्मक भावना अभिबृद्धि गराउने उद्देश्यले यस सामाजिक विकास कार्यालय बागलुङको लागि चालु आ. व. ०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार लोकसेवा आयोगको अप्राविधिक तर्फको राजपत्र अनंकित द्वितीय श्रेणी/सहायकस्तर चौंथो तहको पाठ्यक्रममा आधारित महिलाहरुका लागि निःशुल्क लोकसेवा तयारी कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम कार्यान्वयनकालागि मिति २०८१/०१/२१ मायससामाजिक विकास कार्यालय बागलुङबाट सार्वजनिक सूचना प्रकाशन गरी आवेदन माग गरिएकोमासो सूचना बमोजिमपेश हुन आएका आवेदकहरुको लागि मिति २०८१/०२/२० गते देखि विहानी समयमा लोकसेवा तयारी कक्षा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:-** लोकसेवा आयोगको अप्राविधिक तर्फको राजपत्र अनंकित द्वितीय श्रेणी/सहायकस्तर चौंथो तहको पाठ्यक्रममा आधारित निःशुल्क लोकसेवा तयारी कक्षा सञ्चालनका लागि उपलब्ध भए सम्म विषय विज्ञ व्यक्तित्वहरु, लोकसेवा आयोगले लिएको परिक्षाबाट उत्कृष्ट भै छनौट भएर निजामति सेवामा प्रवेश गरी सकेका र यस पूर्व लोकसेवाको कोर्ष अध्यापन अनुभव भएका व्यक्तित्वहरु एवं शिक्षण पेशामा राम्रो दक्षता भएका अनुभवी शिक्षक समेतलाई प्रशिक्षकका रुपमा अनुरोध गरी निजहरुबाट प्रशिक्षण गराई कार्यक्रम सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:-**महिलाहरुका लागि निःशुल्क लोकसेवा तयारी कक्षा सञ्चालनका लागि उपयुक्त हल, आवश्यक स्टेशनरी सामाग्री एवं प्रशिक्षकहरुलाई आमन्त्रण गर्ने, आवेदकहरुलाई सूचना प्रवाह गरी जानकारी गराउने लगायतका व्यवस्थापकिय कामहरु सामाजिक विकास कार्यालय बागलुङले व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:-** मिति २०८१/०२/२० गते विहान ७.०० बजे यस बागलुङ जिल्लाका प्र.जि.अ. श्री नेत्र प्रसाद सुवेदीज्यूलाई उद्घाटन सत्रको प्रमुख अतिथिका रुपमा आमन्त्रण गर्ने, यातायात व्यवस्था कार्यालयका प्रमुख श्री गुमादेवी शर्मार समन्वय प्रमुख श्री कृष्णराज गौतमलाईविशिष्ट अतिथिका रुपमा,सेवानिवृत्त प्रमुख महिला विकास अधिकृत श्री लक्ष्मी जि.सी.कार्की र अन्तरपार्टी महिला सञ्जाल बागलुङका अध्यक्ष श्री सिता सापकोटा,बा.न.पा.को महिला शाखा प्रमुख र उपलब्धप्रशिक्षकज्यूहरु समेतलाई अतिथिका रुपमा आमन्त्रण गरी उद्घाटनसत्र सम्पन्न गर्ने निर्णय गरियो ।

सहायकस्तर चौंथो अप्राविधिक तर्फको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रममा आधारित

महिलाहरुका लागि २० कार्य दिनको निःशुल्क लोकसेवा तयारी कक्षा सञ्चालन सम्बन्धी

# उद्घाटन कार्यक्रम

## २०८१ जेष्ठ २० गते

आयोजकः-

सामाजिक विकास कार्यालय, बागलुङ

सामाजिक विकास कार्यालय बागलुङको लागि चालु आ. व. ०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार **महिलाहरुका लागि निःशुल्क लोकसेवा तयारी कक्षा सञ्चालन** सम्बन्धी कार्यक्रम कार्यान्वयन गराउने सिलसिलामा आज मिति २०८१/०३/०७ गते अपरान्हको ५.०० बजे सामाजिक विकास कार्यालय बागलुङका नि.कार्यालय प्रमुख श्री कृष्णहरि

आचार्यको संयोजकत्त्वमा सामाजिक विकास कार्यालय बागलुङमा बसेको तयारी कक्षा सञ्चालन/व्यवस्थापन समितिको बैठकमा भएको उपस्थिति र निर्णय देहाय बमोजिम रहेकोछ ।

उपस्थितिः-

- संयोजक- श्री कृष्णहरि आचार्य, नि. प्रमुख, सामाजिक विकास कार्यालय, बागलुङ ।
- सदस्य-श्री खिम बहादुर वि.क., शाखा अधिकृत, जिल्ला प्रशासन कार्यालय, बागलुङ ।
- सदस्य- श्री उदय शर्मा, लेखा अधिकृत, सामाजिक विकास कार्यालय, बागलुङ ।
- सदस्य- श्री दुर्गा प्रसाद शर्मा, नायव सुव्वा, जिल्ला समन्वय समितिको कार्यालय, बागलुङ ।
- सदस्य सचिव- श्री मिलन सापकोटा, सव इञ्जिनीयर, सामाजिक विकास कार्यालय, बागलुङ ।

**निर्णय नं. १ः-** आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिलाहरुलाई विभिन्न प्रतियोगितात्मक परिक्षाहरुमा सक्रिय रुपमा सहभागी गराउँदै सरकारी सेवा प्रवेशमा जागरुक गराई सकारात्मक भावना अभिबृद्धि गराउने उद्देश्यले यस सामाजिक विकास कार्यालय बागलुङको लागि चालु आ. व. ०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार लोकसेवा आयोगको अप्राविधिक तर्फको राजपत्र अनंकित द्वितीय श्रेणी/सहायकस्तर चौंथो तहको पाठ्यक्रममा आधारित महिलाहरुका लागि निःशुल्क लोकसेवा तयारी कक्षा मिति २०८१/०२/२० देखि यस सामाजिक विकास कार्यालय बागलुङमा सञ्चालन गरिएकोमा २० कार्यदिनको ६० वटा कक्षा मिति २०८१/०३/०८ मा पुरा हुने भएकोले सोही दिन विहान ८.३० देखि समापन कार्यक्रम आयोजना गर्ने र उक्त कार्यक्रममा प्रमुख अतिथिको रुपमा यस जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री नेत्र प्रसाद सुवेदीज्यूलाई आमान्त्रण गर्ने साथै कार्यक्रम सञ्चालनमा सहभागी सवै प्रशिक्षकज्यूहरुलाई अतिथिका रुपमा आमन्त्रण गरी समापन कार्यक्रम सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ः-** लोकसेवा आयोगको अप्राविधिक तर्फको राजपत्र अनंकित द्वितीय श्रेणी/सहायकस्तर चौंथो तहको पाठ्यक्रममा आधारित महिलाहरुका लागि निःशुल्क लोकसेवा तयारी कक्षा सञ्चालन अवधिमा तपशिल बमोजिमका विषय विज्ञ व्यक्तित्वहरु सरिक भै प्रशिक्षण दिनु भएकोमा निजहरुलाई हार्दिक धन्यवाद दिने निर्णय गरियो ।

१.प्रमुख जिल्ला अधिकारी श्री नेत्र प्रसाद सुवेदी, जिल्ला प्रशासन कार्यालय, बागलुङ ।

२.सहायक प्रमुख जिल्ला अधिकारी श्री चित्राङ्गत बराल, जिल्ला प्रशासन कार्यालय, बागलुङ ।

३.जिल्ला न्यायाधिवक्ता श्री स्वतन्त्र न्यौपाने, जिल्ला सरकारी वकील कार्यालय, बागलुङ ।

४.कर अधिकृत श्री मोहन प्रसाद आचार्य, आन्तरिक राजश्व कार्यालय, बागलुङ ।

५.तथ्याङ्क अधिकृत श्री चन्द्रकान्त सुवेदी, तथ्याङ्क समन्वय कार्यालय, बागलुङ ।

६.कोष नियन्त्रक श्री कृष्ण प्रसाद शर्मा, कोष तथा लेखा नियन्त्रक कार्यालय, बागलुङ

७.अधिवक्ता श्री लक्ष्मी जि.सी. कार्की, बा.न.पा.०२, बागलुङ ।

८.ना.सु.श्री अनिल चापागाईं, जिल्ला निर्वाचन कार्यालय, पर्वत ।